# देवभूमी

Devbhumee National Daily

राष्ट्रिय दैनिक

वर्ष : ०१ अंक : ०४ २०८० साल फागुन ०३ गते बिहीबार (15 FEB. 2024) पृष्ठ : ४ मूल्य रु : ५/-





# प्रहरी हिरासतमा रहेका दुई पत्रकार मध्यरातमा रिहा

● देवभूमी सम्वाददाता

**महेन्द्रनगर**-कञ्चनपुर प्रहरीले विद्युतीय अपराध सम्बन्धि मुद्दा चलाएर समातेका २ पत्रकार रिहा भएका छन्। प्रहरी स्रोतका अनुसार बुधबार मध्यरातमा पत्रकारद्वय पुष्कर भट्ट र ऐश्वर्य कुँवरलाई थुनामुक्त गरिएको हो।

पत्रकारद्वयका कानून व्यवसायी अधिवक्ता बिनोद भट्टले उनीहरुलाई रिहा गराएको पुष्टि गरेका छन्। सोही मुद्दामा अनुसन्धानका लागि मङ्गलबार र बुधबार पक्राउ परेका चार जना पनि बुधबार नै रिहा भएका थिए। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी निरीक्षक हर्षबहादुर चन्दका अनुसार बुधबार समातिएका माओवादी केन्द्रका प्रदेश सदस्यसमेत रहेका भीमदत्त नगरपालिका-१८ का चन्द्रकान्त भट्ट (सिके), अर्का स्थानीय पुष्कर भट्ट, पूर्व प्रहरी हवल्दार भीमदत्त नगरपालिक-१८ का कर्णबहादुर चन्द र भीमदत्त नगरपालिका-१६ का दशरथ धानुक पनि छुटेका थिए।

अनुसन्धानका बखत हिरासतमा राखि राख्न उपयुक्त नदेखिएकाले जिम्मा जमानीमा छोडिएको प्रहरी निरिक्षक चन्दले बताए। तर स्रोतका अनुसार गृहमन्त्रालय सहितको दबाबले माओवादी नेतालाई २४ घण्टासमेत हिरासतमा नराखी छोडिएको हो। सोही मुद्दामा शनिवार समातिएका पत्रकारद्वयलाई पनि प्रहरीले दोस्रो दिन ७ दिनका लागि म्याद थप गरेर हिरासतमै राखेकोमा एकाएक मध्यरातमा रिहा गरिएको हो।

यस अगाडी नै पत्रकारका विभिन्न पेसागत संगठन र नेपाल पत्रकार महासंघले कञ्चनपुर प्रहरीको उक्त कदमको विरोध गर्दै समाचार सम्प्रेषण गरेका कारण प्रतिशोध साधेको बताएका थिए। केही दिन अगाडी कञ्चनपुर प्रहरीले जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी निरीक्षक बिनु शाहीविरुद्ध फेसबुकमा स्टाटस र कमेन्ट लेखेको भन्दै साइबर अपराधमा मुद्दा चलाएर उनीहरूलाई अनुसन्धानका लागि पक्राउ गरेको थियो। सो मुद्दामा छ जना पक्राउ परेकोमा सबै छुटेका छन्। अभियुक्तहरुलाई रिहा गरिए पनि विद्युतीय अपराध सम्बन्धि मुद्दाको अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

# सुदूरपश्चिमका किसानलाई कृषि बिमा गराउनै सकस

● रासस

**कैलाली**-सुदूरपश्चिममा कृषि बीमातर्फ किसानको आकर्षण बढ्न सकेको छैन। कृषि बीमासम्बन्धी सचेतना अभिवृद्धि हुन नसक्दा यसतर्फ किसानको आकर्षण बढ्न नसकेको हो।

कृषि बीमा गर्दा संघीय सरकारले बीमा शुल्कको ८० प्रतिशत र प्रदेश सरकारले २० प्रतिशतसहित सतप्रतिशत विमा शुल्क सरकारले तिर्ने गरेको भए पनि सुदूरपश्चिममा कृषि बीमा गराउने किसानको संख्या बढ्न नसकेको बीमा प्राधिकरणका सुदूरपश्चिम प्रदेश कार्यालय धनगढीका प्रमुख हृदयराज पण्डितले बताए।

कृषि बीमा गराउँदा किसानको पैसा नलाग्ने भए पनि बीमा गराउने कम्पनी गाउँमा पुग्न नसक्दा कार्यक्रम प्रभावकारी हुन नसकेको उनको भनाइ थियो। पण्डितले चालु आर्थिक वर्षको पुस मसान्तसम्म मुलुकभर कृषि, पशुपन्छी तथा जडीबुटी बीमा गराउनेको संख्या ७० हजार सात सय ७२ रहेकामा सुदूरपश्चिममा दुई हजार तीन सय १४ बीमालेख मात्रै जारी भएको जानकारी दिए।

कृषि, पशुपन्छी र जडीबुटी बीमा राज्यको प्राथमिकतामा रहे पनि आवश्यक प्रचारप्रसार नहुँदा किसानको आकर्षण बढ्न नसकेको उनले बताए। बीमातर्फ किसानको आकर्षण बढाउन नौ वटै जिल्लामा सञ्चालित एफएम रेडियोमार्फत प्रचारप्रसार गरिनुका साथै पालिकास्तरीय अन्तरक्रिया गरिँदै आइएको पण्डितले जानकारी दिए।

उनका अनुसार कृषि बीमा गर्दा किसानले दुर्घटना बीमाबापतको रु पाँच सय मात्रै तिर्नुपर्ने हुन्छ। कृषि बीमाका लागि कृषि ज्ञान केन्द्र र पशुपन्छी बीमाका लागि किसानले भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रबाट २० प्रतिशत बराबर हुन आउने रकम भुक्तानी पाउने व्यवस्था गरिएको प्रमुख पण्डितले जानकारी दिए।

कार्यालयको तथ्याङ्कअनुसार चालु आर्थिक बर्षको पुस मसान्तसम्म कैलालीमा एक हजार ८४ पशु बीमा, सात माछा बीमा, ९९ कृषि तथा बाली बीमासहित एक हजार एक सय ९० बीमालेख गरिएको छ। कञ्चनपुरमा पशु बीमा तीन सय ४०, माछा नौ र कृषि तथा बाली




बीमा १६ सहित तीन सय ६५ बीमालेख गरिएको छ।

अछाममा दुई सय ९०, डडेल्धुरामा दुई सय ५३, डोटीमा ८२, बझाङमा ८५, बाजुरामा २९ र बैतडीमा २० वटा बीमालेख गरिएको जनाइएको छ। नेपाल बीमा प्राधिकरणको तथ्याङ्क अनुसार दार्चुलामा भने अहिलेसम्म एकजना किसानले पनि कृषि बीमा गराएका छैनन्। कृषि बीमा गराउने बीमा कम्पनी गाउँसम्म पुग्न नसक्नु, बीमा गराउन किसान स्वयं तत्पर नहुनु, कम्पनीले कृषि बीमा गराउन पहल नलिनु, बीमा कम्पनीलाई प्रिमियम रकम समयमा भुक्तानी नदिनुलगायत कारणले कृषि बीमा गराउनेको संख्या बढ्न नसकेको पण्डितको भनाइ थियो।

सुदूरपश्चिममा पशु बीमालेख सबैभन्दा बढी अर्थात् दुई हजार एक सय ६८ वटा गरिएका छन् भने सबैभन्दा कम माछा बीमा १६ वटा गरिएका छन्। प्रदेशभर एक सय ३० मात्रै कृषि तथा बाली बीमालेख गरिएको जनाइएको छ। बीमा प्राधिकरणका अनुसार सुदूरपश्चिमका बढी किसानलाई बीमाको पहुँचमा ल्याउन तीन बीमा कम्पनीलाई जिम्मेवारी दिएको छ।

कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुलामा नेपाल इन्स्योरेन्स कम्पनीले बीमा गराउँदै आएको छ कैलाली, डोटी र बझाङमा राष्ट्रिय बीमा कम्पनी, अछाम, बाजुरामा युनाइटेड अजोक इन्स्योरेन्स कम्पनीले कृषि, पशुपन्छी र जडीबुटी बीमा गराउँदै आएको छ। वि.सं.२०६९ देखि कृषि बीमाको सुरुवात गरिएकामा वि.सं २०७० देखि सरकारले अनुदान दिन थालेको प्राधिकरणले जनाएको छ।

# महेन्द्रनगरबाट काठमाडौं जाँदै गरेको बस दुर्घटना हुँदा १० जनाको घटनास्थलमै मृत्यु

● देवभूमी सम्वाददाता

**डडेल्धुरा**-महेन्द्रनगरबाट काठमाडौं जाँदै गरेको यात्रुवाहक बस कपिलवस्तुको शिवराज नगरपालिका-१ सुरही पुल नजिकै दुर्घटना हुँदा १० जना यात्रुको घटनास्थलमै मृत्यु भएको छ।

बुधबार राति १ बजे कञ्चनपुरको महेन्द्रनगरबाट काठमाडौं जाँदै गरेको सुनौलो महाकाली यातायातको यात्रुवाहक बस दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ। सु-प-प्र-०२-००१ ख ००९८ नम्बरको बस सडकबाट दुई सय मिटर तल खसेको हो।

दुर्घटनाबाट ३० जना घाइते भएको त्यसमध्ये गम्भीर घाइते नौ जनालाई बुटवल रिफर गरिएको कपिलवस्तुका प्रहरी उपरीक्षक नवरत्न पौडेलले बताए।

# श्रीपञ्चमी मनाईयो

**डडेल्धुरा (देस)**-बुधबार वसन्त पञ्चमी अर्थात् सरस्वती पूजा देशभर विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा आराधना गरी मनाइएको छ।

विद्याकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थीहरुले सरस्वतीको पूजा-आराधना गर्छन्। बालबालिकाहरुलाई श्रीपञ्चमीको दिन अक्षारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुने जनविश्वास छ।

## महान वाणी

*कसैलाई पनि आफ्नो दुश्मन नबनाएर सहजै लक्ष्य प्राप्त गर्ने अनुपम कला चातुर्यता हो ।*

- आइज्याक न्यूटन

## सम्पादकीय

# विकासका लागि संकल्प

सुदूरपश्चिम प्रदेशका ग्रामीण क्षेत्रमा अझै ४० प्रतिसत नागरिकहरु गरिबीको रेखामुनी रहेको सर्वेक्षणमा आधारित तथ्यांक केन्द्रीय तथ्यांक कार्यालयले हालै सार्वजनिक गरेको छ । देशभरका अन्य छ प्रदेशको तुलनामा सुदूरपश्चिम प्रदेश सबैभन्दा गरीब हुनुका पछाडी थुप्रै कारणहरु छन । संघीयता नेपालका लागि नौलो शासन ब्यवस्था हो । यसअघि केन्द्रिकृत राज्य ब्यबस्थाको अभ्यास हुदै आएको मुलुकमा हाल संघीयताको ब्यावहारिक अभ्यास हुँदैछ । तीनवटै तहका सरकारका लागि यो सिकाईको बिषय बनेको छ । यसले सिंहदरवारमा केन्द्रितअधिकारको विकेन्द्रिकरण गरेको छ । अब प्रदेश सभाका प्रतिनिधीहरुको काँधमा आवश्यक निति नियम तथा कार्यविधीहरु बनाउने जिम्मा छ ।

सुदूरपश्चिम प्रदेशका प्रतिनिधीहरुले अब यहाँको आवश्यकतामा केन्द्रित भएर योजना बनाउनु पर्नेछ । विगतमा सुदूरपश्चिम प्रदेशको विकास नहुनुका पछाडि केन्द्रीकृत राज्यब्यवस्था, केन्द्रिय शासन सत्ता, केन्द्रीय नेतृत्व वा बिभेदकारी निति जे जस्ता कुरालाई दोष दिने गरिन्थ्यो, अब ति सबै अधिकार प्रदेशसभासम्म पुगेका छन । तर पनि सुदूरपश्चिम प्रदेशमा नयाँ छनक देखिएको छैन । संघीयताको अभ्यास गर्न थालेको लामो समय भइसक्दा पनि आवश्यक कानून निर्माण गर्न सकिएका छैनन् । प्रदेशको योजना प्रभावकारी रुपमा कार्यान्वयन गरेर यँहाको समग्र विकासका लागि चित्तबुझ्दो काम भएको देखिदैन । पछिल्ला दिनहरुमा प्रदेश र स्थानीय तहका जनप्रतिनिधीहरुको काम गराईले ब्यबस्था नै बदनामित हुन थालेको छ । अब अरु कुरालाई दोष लगाएर पन्छिने अवस्था पनि छैन ।

आफ्नो प्रदेशको समृद्धी गर्ने वा नगर्ने जिम्मेवारी प्रदेशसभाको काँधमा आईपुगेको छ । यस क्षेत्रको विकास नहुनुको कारण पहिल्याउनु आवश्यक रहेको छ । यदी प्रदेशसभाका सदस्य र सरकारले सुझबुझपूर्ण निति अपनाएन भने फेरी साविकको सुदूरपश्चिम विकास क्षेत्र अर्थात सुदूरपश्चिम प्रदेश अभाव नै अभावको प्रदेशको उपमा पाउन सक्ने डर पनि त्यतीकै छ । संघीयता सफल हुने नहुने उनीहरुको निति निर्माण तथा त्यसको कार्यान्वयन गर्न सक्ने क्षमतामा भरपर्ने छ । अहिले प्रदेशका सांसदहरु ब्यक्तिगत र दलीय स्वार्थबाट माथी उठ्न सकेनन् भने संघीयताको सफल कार्यान्वयनका लागि दुर्भाग्य हुनसक्छ ।

प्रदेशसभामा रहेका जनप्रतिनिधीहरुका लागि यो ऐतिहासिक जिम्मेवारी पनि हो । यो जिम्मेवारीलाई अवसरका रुपमा लिएर सबै स्वार्थ भन्दामाथी उठेर काम गर्न सक्नुपर्छ । प्रदेशसभामा सहभागी दल र प्रदेशसभा सदस्यहरुले दलगत र ब्यक्तिगत स्वार्थ भन्दा माथी उठेर काम गर्नु पर्नेछ । साँच्चै प्रदेश सरकारले योजनावद्ध रुपमा यहाँको सबै सम्भावनाको बाटोलाई पहिल्याउदै अगाडी बढ्ने हो भने समृद्धी खोज्न धेरै टाढा पुग्नु पर्दैन । यो प्रदेश हिमाल, पहाड र तराई मिलेर बनेको छ । सेती, महाकाली र कर्णाली लगायतका अन्य नदीतथा खोलाहरु यस प्रदेशमा छन । निकै सम्भावना बोकेको यो प्रदेशलाई समृद्ध बनाउनका लागि सबै तहका सरकारमा रहेका राजनितिक नेतृत्वहरुले साझा संकल्प लिएर अगाडी बढ्नुपर्ने देखिन्छ । यो आजको आवश्यकता हो ।

# रोजगारीको आधार प्राविधिक शिक्षा



बालकुमारी कार्की



**प्राविधिक शिक्षाको विकास गरेका विश्वका अधिकांश देशले रोजगारी सिर्जना गर्न सफल भएका छन्। त्यसैले रोजगारीका अवसर सिर्जना गर्न हामीले पनि प्राविधिक शिक्षाको विकासमा जोड दिनु पर्छ। यसले विद्यमान बेरोजगारी समस्या हल गर्न पनि सघाउँछ।**

शिक्षाको औपचारिक सुरुवात धेरै पहिलेदेखि भए पनि सिपयुक्त तथा दैनिक व्यवहारसँग प्रत्यक्ष सम्बन्ध भएको शिक्षाको विकास आधुनिक युगमा मात्र भएको पाइन्छ । शिक्षाको मानव जीवनको व्यावहारिक पक्षसँग पनि प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । यसले मानिसलाई साधारण सिपदेखि जटिल विधाका विषयवस्तुमा आएका चुनौतीलाई सामना गर्न सक्ने बनाउँछ ।

विश्वविद्यालयको शिक्षाले व्यक्तिलाई विभिन्न क्षेत्रमा रोजगार बनाउनुका साथै सम्बन्धित क्षेत्रको विषयविज्ञ बनाउँछ तर मुलुकमा विश्वविद्यालयको शिक्षा आज प्रमाणपत्र प्राप्त गर्ने मोसो मात्र भएको छ । त्यसैले देशको द्रुत विकास गर्न प्राविधिक शिक्षा आवश्यक छ, तर दक्ष प्राविधिक जनशक्ति हाम्रा विश्वविद्यालयले उत्पादन गर्न सकेका छैनन् ।

कुनै प्रविधिसँग सम्बन्धित भएर हासिल गरिने सिपयुक्त ज्ञानलाई प्राविधिक शिक्षा भनिन्छ । सामान्य अर्थमा शिक्षाको अर्थ ज्ञान आर्जन गर्नु र केही सिक्नु भन्ने हुन्छ । प्राविधिक शिक्षा भनेको विद्यार्थीलाई विभिन्न आधुनिक उपकरणको माध्यमबाट रचनात्मक, सृजनात्मक कार्य गराइ प्रदान गरिने सिपमूलक र उत्पादनमूलक शिक्षा हो ।

कुनै पनि कार्यलाई प्रविधिबाट सिकाउने शिक्षा प्राविधिक शिक्षा हो । यो परम्परिक शिक्षाभन्दा फरक हुन्छ । प्राविधिक शिक्षाले आफ्नो क्षमता र योग्यता अनुसार काम गर्ने व्यावहारिक ज्ञान र कौशल प्रदान गर्दछ । युरोपेली राष्ट्रहरू प्रविधिको प्रयोगबाट विकसित भएका हुन् । त्यसैले प्राविधिक शिक्षा विश्वमा नै लोकप्रिय बन्दै आइरहेको छ ।

यन्त्र, उपकरण, मेसिन, उद्योग धन्दा, कलकारखानालगायत विभिन्न प्रविधिसँग सम्बन्धित ज्ञान आर्जन गरी औद्योगिक देशहरूले देशको आर्थिक स्थिति सुदृढ बनाई राष्ट्रिय अर्थतन्त्रमा योगदान पु¥याएका छन । प्राविधिक शिक्षालाई श्रमसँग गाँसेर हेर्नु आवश्यक भइसकेको छ । जुन विषय अध्ययन गरिन्छ, त्यो सृजनात्मक बन्नु पर्छ ।

उत्पादक बन्न सक्नु पर्छ । पुँजी निर्माणका लागि प्राविधिक शिक्षा अति आवश्यक भइसकेको छ । प्राविधिक ज्ञान आर्जन गरेको व्यक्तिले मात्र प्राकृतिक स्रोतसाधनको समुचित उपयोग गरी मानव कल्याणको निमित्त योगदान दिन सक्छ । विश्वका अन्य कतिपय मुलुकको दाँजोमा हाम्रो देश आर्थिक दृष्टिले, विकासनिर्माणका दृष्टिले, रोजगारीका अवसरको दृष्टिले पछाडि परेको छ । यसको मुख्य कारण प्राविधिक शिक्षाको विकास र विस्तार नहुनु नै हो ।

मुलुकको समृद्धिका लागि दक्ष जनशक्तिको आवश्यकता हुन्छ । नेपालको संविधान भाग ४, धारा ५१ मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा उल्लेख गरिएको छ, 'शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक सिपमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने, नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने ।'

यस्तो व्यवस्था भए पनि शिक्षामा सरकारले गरेको लगानी अनुसारको उपलब्धि भने हासिल हुन सकेको छैन । नेपालमा अहिले पनि प्राविधिक जनशक्तिको उत्पादन न्यून छ । देशको आवश्यकताका लागि मात्र नभएर ठूलो संख्यामा वैदेशिक रोजगारीमा जाने युवाको आय आर्जनमा समेत वृद्धि गर्न योजनाबद्ध प्राविधिक शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।

अहिलेको समयमा विश्व श्रम बजारमा खरो प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति उत्पादनमा सरकारले लगानी बढाउनुपर्ने आवश्यकता छ । प्राविधिक शिक्षाले रोजगारीका अवसर प्राप्त गर्न सहजता प्रदान गर्छ । वैदेशिक रोजगारीमा जाने युवाले पठाएको विप्रेषणले अर्थतन्त्रलाई धेरै सहयोग गरेको छ तर अर्थतन्त्रका लागि यो स्थायी समाधान भने होइन । त्यसैले प्राविधिक शिक्षाको विस्तार गरी देशभित्र नै रोजगारी सिर्जना गर्नु अति आवश्यक छ ।

शिक्षामा अगाडि बढेका जापान, अमेरिका, रसिया, क्यानडा, चीन तथा अधिकांश युरोपेली देशका नागरिक रोजगारी प्राप्त गरी आय आर्जनमा संलग्न छन । देशमा विद्यमान बेरोजगारी समस्या हल गर्न र समाजलाई सुव्यवस्थित एवं सुन्दर बनाउन हाम्रो देशको शिक्षालाई पनि व्यवहार उपयोगी बनाउन जरुरी छ । देश बनाउन दक्ष जनशक्तिको सक्रिय र रचनात्मक भूमिका रहने गर्छ ।

तसर्थ, उनीहरूलाई प्राविधिक शिक्षामा दक्ष बनाउन सके परनिर्भता अन्त्य हुनुका साथै देश विकासको प्रयास पनि सफल हुने देखिन्छ । अहिलेको शिक्षा प्रणाली परिमार्जन गरी प्राविधिक विषयलाई अनिवार्य गर्न सक्नुपर्छ । अनि मात्र मुलुकमा प्राविधिक जनशक्तिको उत्पादन बढ्नुका साथै युवा जनशक्ति पलायन हुने क्रम पनि न्यूनीकरण हुने देखिन्छ ।

जुन जुन देशमा प्राविधिक जनशक्ति कमी छ, ती ती देश विकासमा पछि परेका छन । हाम्रो जस्तो विकासशील देशमा पहिलो त साक्षरता प्रतिशत नै कम छ भने दोस्रो कुरा प्राविधिक शिक्षालय पनि पर्याप्त छैनन् । जे जति मानिस शिक्षाका प्रमाणपत्र प्राप्त गर्न सफल भएका छन, तिनले रोजगारी प्राप्त गर्न सकिरहेका छैनन् । त्यसैले अब हाम्रो देशको शिक्षा उत्पादनमुखी बन्नु पर्छ । आत्मनिर्भर जनशक्तिले मात्र मुलुक रूपान्तरण गर्न सक्छन ।

प्राविधिक शिक्षाले घरेलु उद्योगदेखि ठूला ठूला कलकारखाना र उद्योगधन्दाको विकास गरी देशलाई औद्योगिकीकरण गर्न सकिन्छ । युवा बेरोजगार बन्नु नपर्ने अवस्था सिर्जना हुन्छ । प्राविधिक शिक्षाको विकास गरेका विश्वका अधिकांश देशले रोजगारी सिर्जना गर्न सफल भएका

बाँकी विचार पेज तीनमा

तपाईंको सानो सहयोगले देवभूमी राष्ट्रिय दैनिक निरन्तर प्रकाशित हुने भएकाले पत्रिका मागेर होइन, किनेर पढने बानी बसालौं ।

## तपाईंको आज

| | |
|---|---|
| मेष | लामो दुरीको यात्रा |
| वृष | नयाँ कार्य बन्ने योग |
| मिथुन | पारिवारिक उल्झन |
| कर्कट | आत्मविश्वास बढ्ने |
| सिंह | धार्मिक कार्य सफल |
| कन्या | प्रियजनसँग भेटघाट |
| तुला | स्वास्थ्यमा समस्या |
| वृश्चिक | अनाहकको विवाद |
| धनु | सहनशक्ति बढ्ने |
| मकर | पारिवारिक भेटघाट |
| कुम्भ | धनागमनको योग |
| मीन | मनमा अशान्ति बढ्ने |

# रोजगारीको आधार ...

छन । त्यसैले रोजगारीका अवसर सिर्जना गर्न हामीले पनि प्राविधिक शिक्षाको विकासमा जोड दिनु पर्छ । यसले विद्यमान बेरोजगारी समस्या हल गर्न सघाउँछ ।देशको शिक्षा पनि व्यावहारिक हुन्छ । त्यसैले सरकारले देशको शिक्षा क्षेत्रमा धेरै बजेट छुट्याउनु पर्छ र प्राविधिक शिक्षालाई सर्वसाधारणले पढ्न सक्ने वातावरण तयार गर्नु पर्छ ।

प्राविधिक शिक्षासँगै मुलुकका हरेक विश्वविद्यालयले अन्य शिक्षालाई पनि समानुपातिक तरिकाले अगाडि बढाउनु पर्छ । अर्थात् प्रमाणपत्र मात्र दिने होइन कि गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति विश्वविद्यालयले बनाउन सक्नुपर्छ । मानविकी, व्यवस्थापन जस्ता विषय अध्ययन गरेका व्यक्ति पनि अध्ययन अनुसन्धान गर्न सक्षम हुनुपर्छ ।

साथै प्राविधिक शिक्षा लिए पनि अन्य शिक्षा लिए पनि चरित्रवान् व्यक्ति निर्माण गर्न पनि ध्यान दिनु पर्छ । उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्य आर्जनमा सघाउने प्राविधिक शिक्षा आजको आवश्यकता हो । सरकारले पनि प्राविधिक शिक्षाको प्रवर्धन र बढवाका लागि प्रयास गरिरहेको छ तर त्यो सार्थक हुन सकेको छैन । पढाइ भए पनि रोजगारी सिर्जना गर्न सकिएको छैन । प्राविधिक शिक्षासँग रोजगारी सिर्जना गर्नु पनि आजको आवश्यकता हो । नत्र शिक्षा मात्र पाएर के गर्नु ? प्राविधिक शिक्षालाई परिणाममुखी पनि बनाउनु पर्छ । आगामी दिनमा सरकार, सम्बद्ध निकायले प्राविधिक र सिपमूलक शिक्षामा जोड दिनु आवश्यक छ । (गोरखापत्र दैनिक)

# लोकसेवाको तयारी कक्षा सञ्चालन

● देवभूमी सम्वाददाता

डडेल्धुरा-डडेल्धुरामा महिलाहरुका लागि निःशुल्क रुपमा लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन भएको छ ।

सामाजिक विकास कार्यालय डडेल्धुराको आयोजनामा डडेल्धुरा जिल्लामा रहेका विपन्न तथा गरिब परिवारका महिलाहरुलाई लक्षित गरि लोकसेवा तर्फका चौथो तह (खरिदार), पाचौं तह (नायव सुब्बा) र शिक्षक सेवा तर्फका तयारी कक्षा सञ्चालन गरिएको हो ।

अति विपन्न र महिलालाई पहिलो प्राथमिकता राखेर निःशुल्क तयारी कक्षा सञ्चालन गरिएको सामाजिक विकास कार्यालय डडेल्धुराका प्रमुख कुलराज सोतीले बताए । जिल्ला बाहिर गएर पढ्ने अवस्था नभएको विपन्न महिलाहरुलाई लक्षित गरी जिल्लामै निःशुल्क तयारी कक्षा सञ्चालन गरिएको उनले बताए ।

तयारी कक्षामा लोक सेवा तर्फका ४० जना र शिक्षक सेवा तर्फका ४० जना महिलाको सहभागिता छ । कक्षा ३० दिनसम्म चल्ने छ । उच्च शिक्षा पढ्दै गरेका, पढाइ सकेर बेरोजगार बसेका र पेशा व्यवसायसँग आवद्ध रहेका विपन्न समुदायका महिलाहरुलाई तयारी कक्षामा सहभागी गराईएको जनाइएको छ ।



## सम्पूर्ण उपभोक्ता बर्गमा गन्यापधुरा गाउँपालिका डडेल्धुराको अनुरोध

तपाईले कुनै बस्तु वा सेवा खरिद गर्दै हुनुहुन्छ भने खरिद गर्नु पुर्व यो कुराहरुमा ध्यान दिनुहोस ।

- दर्तावाला व्यवसायीहरुबाट मात्र चिज बस्तु खरिद गर्नुहोस ।
- उद्योग व्यवसायको कारोबार गर्ने स्थानमा साईनबोर्ड, उत्पादकको नाम, ठेगाना, प्यान भ्याट आदि दर्ता कागजात छन ? छैनन् ? हेर्ने र बुझ्ने गरौं ।
- औषधि, औषधिजन्य उत्पादन एवं अन्य उपभोग्य बस्तुमा लेबल, बस्तुको मुल्यसुँची, नाप तौल, उपभोग्य मिति आदि जाँचबुझ गरेर मात्र खरिद बिक्री गरौं ।
- बस्तु उत्पादनका सिलसिलामा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपभोग गर्ने तौरतरिका र सरसफाई छ ? छैन ? हेरौं ।
- बस्तु तथा सेवा खरिद गर्दा बिल पाउनु हरेक उपभोक्ताको अधिकार हो । अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने दिने गरौं ।
- अखाद्य वा कमसल उपभोग्य बस्तुबाट हानी नोक्सानी हुन भएमा सम्बन्धित जिल्ला क्षतिपुर्ति समिति, स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित सरोकारवाला कार्यालयमा उजुरी गरौं ।
- उपभोक्ता हित विपरित कार्य भएको थाहा पाएमा नागरिक खबरदारी गरेर असल उपभोक्ताको पहिचान दिलाऔं ।
- उद्योगी व्यवसायीहरुले पनि व्यपारसँगै कुशल व्यवहार गरेर असल व्यवसायीको पहिचान दिलाऔं ।

**गन्यापधुरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश**





## गन्यापधुरा गाँउपालिकाको अनुरोध

- जन्म, मृत्यु, बिवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु घटना भएको ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।
- विद्यालय जाने उमेर समुहका बालबालिकाहरुलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सफा राखौं । खानेपानी शुद्धिकरण गरेर मात्रै पिउने बानीको विकास गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले बालविवाह नगरौं । २० बर्ष उमेर पार गरेपछि मात्रै विवाह गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- पुराना पोखरी, कुवा र पानीका श्रोतहरुको संरक्षण सम्बर्द्धन गरौं ।
- सम्भावित स्थानहरुमा पोखरी निर्माणगरि पानीका मुहानहरु प्रवर्द्धन गरौं ।
- आफ्नो पायकपर्ने स्थानको सडकको छेउछाँउमा घाँस तथा अन्य बिरुवा रोपी हरियाली बनाऔं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं । बर्षातका बेला बग्ने भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य संस्थामै गएर प्रसुती गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउबिजनको प्रयोगगरि कृषिजन्य बस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धी गरौं ।
- आफ्नो क्षेत्र र समुदायमा रहेका सम्भावित पर्यटकीयस्थलहरुको संरक्षण सम्वर्द्धन र विकासमा योगदान पुगाउदै पर्यटन पर्वद्धनमा टेवा पुगाऔं ।
- सडक छेउछाउमा घर निर्माण नगरौं । नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- आ-आफ्नो घर अगाडिको सडक सफाराखि नगरपालिकालाई सुन्दर बनाउन सहयोग गरौं ।
- गन्यापधुरा गाउँपालिका गाँउपालिकाबासीहरुलाई प्रचलित कानून प्रद्रत हरेक सेवा दिन तयार रहेकोछ । त्यसैले सेवाका लागी हातमा हात बढाएर अघि बढौं ।
- गन्यापधुरा गाउँपालिकाद्वारा गरिने विकास निर्माणका कार्यहरुमा अनियमितता र मनोमानीका साथै भ्रष्टाचार भएको शंका भएमा तुरुन्त गाँउ कार्यपालिकाको कार्यालयमा उजुरी दिई जिम्मेवार नागरिकको कर्तव्य निर्वाह गरौं ।
- आवश्यक कागजात र प्रकृया पुरागरेर गाँउपालिकाको सेवा सहजै प्राप्त गर्नुहोस् ।
- भ्रष्टाचाररहित समाजको निर्माण गरौं । शुशासन प्रवर्द्धन गर्न हातेमालो गरौं ।
- गाँउपालिकास्तरमा कृयासिल सबै निकायहरु समन्वय र सहकार्यकासाथ प्रभावकारी र उपलब्धीमुलक रुपमा योजना कार्यान्वयन गरौं । जातीय र लैगिंक हिंसा न्युनीकरण गरौं । कुनै पनि खालको विभेदको अन्त्य गरौं ।

| ज्ञानुकुमारी सेठी देउवा | दिलिपकुमार तामाङ | इन्द्रबहादुर कार्की |
|---|---|---|
| उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |

**गन्यापधुरा गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुराद्वारा जनहितमा जारी सन्देश**





- निर्वाहमुखी र परम्परागत कृषि छाडेर व्यवसायीक कृषि उत्पादनमा जोडदिऔं ।
- अनियन्त्रित र अवैज्ञानिक रुपमा रसायनिक मल र विषादीहरूको प्रयोग नगरौं ।
- माटोको उर्वराशक्ति कायम राख्न कमपोष्ट मलको प्रयोग गरौं । गोठेमल व्यवस्थापन गरेर मात्रै प्रयोग गर्ने गरौं । घाम र पानीबाट गोठेमल जोगाऔं । गोठ सुधार गरौं ।
- सिंचाई गरेर कृषि उत्पादन बढाउँदै कृषि क्षेत्रमा आत्मनिर्भर बनौं ।
- बजारमुखी कृषि उत्पादनमा जोडदिऔं । एक गाउ' एक कृषि उत्पादन गरेर कृषिमा क्रान्ती ल्याऔं ।
- कृषि उत्पादनमा जोडदिदैं आत्मनिर्भर अर्थतन्त्रको विकासमा टेवा पुर्‍याऔं ।
- स्थानीय तहमा रहेका कृषि प्राविधिकहरूसँग परामर्श गरेर कृषि सम्बन्धि ज्ञान सिप हासिल गरौं ।
- कृषि उत्पादनको बजारीकरण ब्यवस्थित बनाऔं । बजारमुखी उत्पादनमा जोड दिऔं ।
- कृषि उत्पादनमा आत्मनिर्भर बन्न उन्नत र व्यवसायीक कृषि अवलम्वन गरौं ।

कृषि ज्ञान केन्द्र डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

# कञ्चनपुर स्पिकिङ आइडलको उपाधि पन्तलाई

● देवभूमी सम्वाददाता

महेन्द्रनगर-कञ्चनपुरमा सम्पन्न 'स्पिकिङ आइडल' को चौथो संस्करणको उपाधि सरस्वती माविका जतिन पन्तले जितेका छन ।

५१ प्रतियोगीमध्ये दुई चरणको लेन्स स्पिकिङ राउन्ड पार गरेर उत्कृष्ट १० मा पुगेकामध्ये बुधबार भएको फाइनलबाट उनले उपाधि हात पारेका हुन । उपाधि जितेसँगै उनले एउटा ल्यापटप, ट्रफी र प्रमाणपत्र हात पारेका छन । उत्कृष्ट १० भित्र पर्ने अन्य विद्यार्थीलाई शैक्षिक सामग्रीको विशेष प्याकेजसहित प्रमाणपत्र प्रदान गरिएको छ ।

लियो क्लब अफ महाकाली क्लासिकले आयोजना गरेको १९ वर्षमुनिका विद्यार्थीहरू सहभागी भएको वक्तित्वकला प्रतियोगिताका लागि जिल्लाका विभिन्न चार ठाउँमा अडिसन गरिएको आयोजकले जनाएको छ ।

# सुदूरपश्चिमका प्रहरी प्रमुखको सरुवा

**डडेल्धुरा (देस)**-सुदुरपश्चिम प्रदेशका विभिन्न जिल्ला र शाखाका प्रहरी प्रमुख हेरफेर भएका छन ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका एसपी कमल थापा अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रहरी महाशाखा टंगाल काठमाडौंमा सरुवा हुँदा काठमाडौंबाट एसपी चक्रराज जोशी जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा आएका छन ।

जिल्ला प्रहरी कार्यालय कैलालीका प्रमुख देवेन्द्रबहादुर पाल सुदूरपश्चिम प्रदेश प्रहरी गण धनगढीमा सरुवा भएका छन भने जिल्ला प्रहरी कार्यालय कैलालीमा एसपी पदमबहादुर विष्ट आउने भएका छन । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय अत्तरिया कैलालीका एसपी नेत्रमणी गिरी सरुवा हुँदा त्यहाँ नेपाल एसपी राजीवबहादुर बस्नेत आउने छन ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका एसपी विष्णुहरि कोइराला जिल्ला प्रहरी कार्यालय डोटीको कमाण्ड सम्हाल्ने छन भने एसपी राजकुमार सिलवाल काठमाडौं सरुवा भएका । एसपी श्यामसिंह चौधरी पनि काठमाडौं पुगेका छन ।


## बाढीपहिरोबाट जोगिऔं ।

### जथाभावी सडक निर्माण र वन विनासले बाढीपहिरो निम्त्याउने हुँदा :

- नदी किनाराहरुमा वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने किसिमका विरुवा रोपौं र संरक्षण गरौं ।
- वस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- बाढीपहिरोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

भू तथा जलाधार व्यवस्थापन कार्यालय
डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

## आलिताल गाँउपालिकाको अनुरोध

- जन्म, मृत्यु, बिवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु घटना भएको ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।
- विद्यालय जाने उमेर समुहका बालबालिकाहरुलाई बिद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सफा राखौं । खानेपानी शुद्धिकरण गरेर मात्रै पिउने बानीको विकास गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले बालविवाह नगरौं । २० बर्ष उमेर पार गरेपछि मात्रै विवाह गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- पुराना पोखरी, कुवा र पानीका श्रोतहरुको संरक्षण सम्वर्द्धन गरौं ।
- सम्भावित स्थानहरुमा पोखरी निर्माणगरि पानीका मुहानहरु प्रवर्द्धन गरौं ।
- आफ्नो पायकपर्ने स्थानको सडकको छेउछाँउमा घाँस तथा अन्य बिरुवा रोपी हरियाली बनाऔं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं । बर्षातका बेला बग्ने भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य संस्थामै गएर प्रसुती गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउबिजनको प्रयोगगरि कृषिजन्य बस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धी गरौं ।
- आफ्नो क्षेत्र र समुदायमा रहेका सम्भावित पर्यटकीयस्थलहरुको संरक्षण सम्वर्द्धन र विकासमा योगदान पुगाउदै पर्यटन पर्वद्धनमा टेवा पुगाऔं ।
- सडक छेउछाउमा घर निर्माण नगरौं । नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- आ-आफ्नो घर अगाडिको सडक सफाराखि नगरपालिकालाई सुन्दर बनाउन सहयोग गरौं ।
- आलिताल गाउँपालिका गाँउपालिकाबासीहरुलाई प्रचलित कानून प्रद्रत हरेक सेवा दिन तयार रहेकोछ । त्यसैले सेवाका लागी हातमा हात बढाएर अघि बढौं ।
- आलिताल गाउँपालिकाद्वारा गरिने विकास निर्माणका कार्यहरुमा अनियमितता र मनोमानीका साथै भ्रष्टाचार भएको शंका भएमा तुरुन्त गाँउ कार्यपालिकाको कार्यालयमा उजुरी दिई जिम्मेवार नागरिकको कर्तव्य निर्वाह गरौं ।
- आवश्यक कागजात र प्रकृया पुरागरेर गाँउपालिकाको सेवा सहजै प्राप्त गर्नुहोस् ।
- भ्रष्टाचाररहित समाजको निर्माण गरौं । शुशासन प्रवर्द्धन गर्न हातेमालो गरौं ।
- गाँउपालिकास्तरमा कृयासिल सबै निकायहरु समन्वय र सहकार्यकासाथ प्रभावकारी र उपलब्धीमुलक रुपमा योजना कार्यान्वयन गरौं । जातीय विभेद र लैगिंक हिंसाको अन्त्य गरौं । समावेशी र सुसंस्कृत समाज निर्माणमा जुटौं ।

मैना कुमारी रावल
उपाध्यक्ष

नरेन्द्रसिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

शेरसिँह पार्की
अध्यक्ष

आलिताल गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर आलिताल, डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

## सुपथ मुल्यमा भरपर्दो उपचारका लागि

### चिरञ्जीवी पोलि क्लीनिक

पुरानो रेडक्रस भवन, बागबजार, बगरकोट रोड, डडेल्धुरा, फोन नं. ०९६-४२०७८०

यस पोलिक्लिनिकबाट उपलब्ध सेवाहरु

- २४ सै घण्टा आकस्मिक (ईमर्जेन्सी) सेवा ।
- ओ.पी.डि. सेवा ।
- सुविधा सम्पन्न आधुनिक ल्याव सेवा ।
- महिला डाक्टरद्वारा महिलाहरुको चेकजाँच ।
- बिभिन्न रोगको नि:शुल्क परामर्श सेवा ।
- नियमित गर्भजाँच, सुत्केरी जाँच गराईने ।




डा. निर्मला भट्ट

फोन नं. ०९६-४२०७८०

## क्यान्सर रोगमा हुन सक्ने लक्षणहरु :

- शरीरमा गिर्खा, गाँठागुटीहरु देखिनु ।
- कोठी, मुसाहरुको रंग बदलिनु वा आकार बढ्दै जानु
- लामो समयसम्म खोकी निको नहुने घाउ हुनु ।
- खाना निल्न गाह्रो हुनु, स्वर परिवर्तन वा धोद्रो हुनु ।
- खकारमा रगत देखा पर्नु वा लामो समयसम्म खोकी निको नहुनु ।
- लामो समयसम्म गोटा पर्नु, पातलो दिसा हुनु, दिसामा रगत देखिनु ।
- महिनावारी नभएको बेलामा रगत देखिनु, महिनावारी रोकिएका महिलाहरुको पुन: रक्तश्राव हुनु वा समयपछि रक्तश्राव हुनु ।
- स्तनमा गाँठागुठीहरु देखिनु, मुन्टोबाट रगत मिसिएको दूध आउनु वा मुन्टो दबिनु ।
- छोटो समयमै शरीरको वजन घट्नु, रक्तअल्पता देखिनु ज्वरो आईरहनु ।
- नाक, मुख, शरीरका अन्य छिद्रहरुबाट रगत आउनु ।

## क्यान्सर रोगबाट जोगिने उपायहरु

- चुरोट, बिडी, खैनी, सुर्ती, जाँड, रक्सी र लागू पदार्थ सेवन नगर्ने ।
- बासी, सडेगलेको र ढुसी परेको खानाहरु नखाने ।
- पोलेर डढेको मासु र अन्य खानेकुराहरु नखाने ।
- अखाद्य रंग प्रयोग गरिएका खानेकुराहरु नखाने ।
- चिल्लो बोसोयुक्त खानेकुराहरु र धेरै नुन नखाने ।
- आफ्नो गुप्ताङ्ग सधैं सफा राख्ने ।
- मौसम अनुसारको हरियो सागपात, तरकारी र फलफूल दिनहुं खाने ।
- महिलाहरुले आफ्नो गर्भाशय श्राव परीक्षण प्रत्येक वर्ष गर्ने ।
- स्तनमा गिर्खा, गाँठागुठी पलाएको छ-छैन प्रत्येक महिना आफैले राम्री छामेर हेर्ने र फेला परेमा स्वास्थ्यकर्मीको परामर्श लिने ।

स्वास्थ्य कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश


झिल्को मिडिया एण्ड कन्सलटेन्सी सर्विस प्रा.लि.का लागि **गोपाल थापाद्वारा** प्रकाशित न्यू कैलपाल प्रिन्टङ प्रेसद्वारा मुद्रित सम्पादक : **गणेशबहादुर मगर**
**कार्यालय**: अमरगढी न.पा.-५ डडेल्धुरा सम्पर्क नं. ९८४८७६७५५३ **Email :** devbhumeenews@gmail.com, प्रधान सम्पादक:**राम धामी**